# आर्थिक वर्ष २०७८।७९

# नीति तथा कार्यक्रम

लोमन्थाङ गाँउपालिका

लोमन्थाङ,मुस्ताङ

**गाउँ सभाका सम्पुर्ण सदस्य ज्युहरु**

कोरोना भाइरस वाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थितिका बीच आज म आर्थीक वर्ष २०७८।७९ को नीनि तथा कार्यक्रम यस गरिमामय गाँउ सभा समक्ष प्रस्तुत गर्न गई रहेको छु । यस अवसरमा सधिंय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति अमुल्य जीवन सहादत्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात विर शहिदहरुप्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु ,राज्यव्यवस्था परिवर्तन,विभिन्न क्रान्ति, देश निर्माण, गणतन्त्र स्थापना गर्न विभिन्न क्षेत्रमा खट्नुहुने राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृन्वदायी भुमिका निर्वाह गर्नुहुने सवै अग्रजहरु प्रति सम्मान प्रकट गर्दछु ।

**गाउँ सभाका सम्पुर्ण सदस्य ज्युहरु**

कोभिड १९ का कारण विश्वभर सकंट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ।नेपालमा पनि पछिल्लो समयमा फैलिएको दोश्रो भेरिएण्टले ठुलो समस्या तथा चुनौति थपिदिएको छ। लोमन्थाङ गाउँपालिकामा समेत यसको प्रभाव देखापरेको छ। कोरोना सक्रमण फैलिन नदिन तथा उपचारका लागि स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई परिचालन गरिएको छ भने छोसेर स्थित कोभिड अस्पताललाई सुविधासम्पन्न वनाई विरामीलाई उपचार गरिएको छ।यस अवस्थामा सवैलाई मानव सेवामा जुट्न तथा गाउँपालिकाको निर्देशन लाई पालना गर्नुहुन अनुरोध गर्दछु।

यस महामारी रोकथाम नियन्त्रण तथा न्युनिकरणका लागि अपनाईएको वन्दाबन्दीमा समेत अग्रमोर्चामा खट्नुहुने स्वास्थ्यकर्मी ,कर्मचारी, सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा सलंग्न सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै यस महामारीवाट भयभित र त्रसित नभई उच्च आत्मवलका साथ यस महामारी विरुद्धको लडाईमा विजय प्राप्त गर्ने आत्मविश्वासका साथ धैर्यतापुर्वक जुट्न सवैलाई अह्वान गर्दछु।

नेपालको सविंधान वमोजिम लोमन्थाङ गाउँपालिका स्थापना भई संविधानले दिएका अधिकारहरुको व्यापक,समन्वयात्मक र प्रतिफलयुक्त अभ्यास गर्दै लोमन्थाङ गाउँपालिकालाई समृद्धिको बाटोमा अगाडि बढाउने दृढ सकंल्पका साथ निर्वाचित हामी जनप्रतिनिधिहरुले काम गर्न लागेको पनि चार वर्ष पुरा भएको छ। लोमन्थाङ गाउँपालिकाको चौतर्फी विकासको बाटो खोली सम्पुर्ण गाउँवासीहरुलाई संघियताले प्रदान गरेको अधिकारको महशुस गराउनुको साथै गाउँपालिकालाई समृद्धिको बाटोमा डोर्याउनको लागि यस अवधिमा लोमन्थाङ गाउँपालिकाले अगाडि सारेका नीति तथा कार्यक्रमहरु लागु गर्न सहयोग गर्नुहुने जनसमुदाय ,सघ संस्था, जनप्रतिनिधि साथीहरु, कर्मचारी, राजनैतिक दल, शिक्षक, वुद्धिजिवी, व्यापारी, पत्रकार र सुरक्षाकर्मी सवैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**गाउँ सभाका सम्पुर्ण सदस्य ज्युहरु**

लोमन्थाङ गाउँपालिकाको स्थापना पश्चात गाउँपालिकाले केहि महत्वपुर्ण काम गरेको छ भने केहि कार्य को शुरुवात गरेको छ। विभिन्न कार्यमध्ये केहि निम्नवमोजिम रहेका छन्।

१ पाँच शैया आधारभुत अस्पतालको टेण्डर सम्झौता भई काम शुरुवात भईसकेको छ ।

२ जिल्लामै नमुना स्थानिय कला झल्किने गाउँपालिकाको प्रवेशद्धार निर्माण गरिएको छ।

३ गाउँपालिका र वडा कार्यालयहरु आफ्नै भवनवाट सञ्चालन भएका छन् ।

४ गाउँपालिकाको केन्द्र लोमन्थाङमा भुमिगत विधुतिकरण भएको तथा अन्य सवै वडामा नाङ्गो ताररहित ABC केवल प्रयोग गरि विधुतिकरण गर्ने कार्य अगाडि वढिसकेको छ।

५ विभिन्न गुम्वा तथा सामुदायिक भवन निर्माण भईरहेका छन् ।

६ किमलिङमा एकिकृत विद्यालयका लागि भवन ठेक्कासम्झौता भईसकेको छ।

७ यस क्षेत्रकै एकमात्र हाई एल्टिच्युड  खेलग्राम निर्माणकार्य तिव्र गतिमा अगाडि वढेको छ।

८ साविकको छोन्हुप गा वि स मा छरिएर रहेका विद्यालयहरुलाई एकिकृत गरि एकै स्थानवाट गुणस्तरीय शिक्षा प्रदान गर्न निशुल्क आवास सहितको विद्यालय सञ्चालन योजना अगाडि सारिसकिएको छ।

९ शिक्षा दरवन्दी मिलानको काम सम्पन्न भईसकेको छ।

१० सामुदायिक विद्यालयमा अध्ययन गरि उच्च शिक्षा अध्ययनरत गरिव तथा जेहेन्दार विधार्थीका लागि छात्रवृत्ति वितरण कार्य अगाडि वढाईएको छ।

११ गाउँपालिकालाई कृषिमा आत्मनिर्भर वनाउनका लागि ५० प्रतिशत अनुदानमा एक घर एक टनेल कार्यक्रम अगाडि वढाईएको छ।

१२ च्याङ्ग्रा र चौरी सरक्षंण तथा विकाशका लागि पहल गरिएको छ।

१३ स्वास्थ्य सस्थालाई शुलभ र सुविधाजनक वनाउन गाउँपालिका वाट वजेट विनियोजन गरि स्वास्थ्य सेवा सुचारु गरिएको छ। कुनै पनि विरामी  प्रारम्भिक उपचार नपाउने अवस्था छैन। आधारभुत औषधि स्वास्थ्य सस्थावाट उपलव्ध गराईएको छ।

१४  कोभिड नियन्त्रण न्युनिकरण र उपचारमा पर्याप्त ध्यान दिईएको छ, छोसेर स्थित कोभिड अस्पताललाई अक्सिजनसहित सुविधासम्पन्न वनाईएको छ।

१५ महिला हिसां सचेतना कार्यक्रम सञ्चालन गरि हिसां  राहत कोष स्थापना  गरिएको छ।

१६ गाउँपालिकावाटै अपागं तथा ज्येष्ठ नागरिक परिचयपत्र जारी गरिएको छ ।

१७ खानेपानीका सरंचना तथा आयोजनाहरु अगाडि वढाइएको छ।

**गाउँ सभाका सम्पुर्ण सदस्य ज्युहरु,**

अव म आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभा समक्ष प्रस्तुत गर्दछु ।

१ प्रत्येक घरमा स्वच्छ खानेपानीको व्यवस्थाका लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ।

२ फोहरमैलाको उचित व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन सम्वन्धि नीति वनाई फोहर व्यवस्थापनका लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

३ पर्यटन क्षेत्रको विकाश मार्फत युवा स्वरोजगार कार्यक्रमलाई प्रवर्द्धन गरिनुका साथै पर्यटन सम्पदा सरंक्षण र सौन्दर्यकरणका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।

४ स्वास्थ्यमा सवै नागरिकको पहुच पुर्याईने छ साथै आवश्यक औषधि तथा उपकरणको व्यवस्था गरि प्रारम्भिक उपचारको व्यवस्था मिलाईनेछ।

५ गाउँपालिकाभर केन्द्रिय विधुत प्रशारण लाईनलाई सञ्चालनमा ल्याईनेछ । प्रत्येक घरमा नाङ्गो तार रहित  सुरक्षित तवरले विधुत उपलव्ध हुनेछ।

६ गाउँपालिकाभर छरिएर रहेका विद्यालयलाई पायकका आधारमा जम्मा ३ वटा विद्यालय सञ्चालन गरिनेछ । सवै विद्यालयमा आवाशिय सुविधा सहित गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ।

७ प्रत्येक विद्यालयमा स्थानिय भाषा ,अग्रेजी र नेपालि भाषामा कक्षा सञ्चालन हुने व्यवस्था मिलाईनेछ।

८ खेतियोग्य जमिनमा खेति लगाउनका लागि कृषकलाई प्रोत्साहन गरिनुको साथै आवश्यक सिचांईको व्यवस्था मिलाईनेछ।

९ प्रत्येक घरमा टनेल खेति कार्यक्रमलाई प्राथमिकता दिई ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल उपलव्ध गराईनेछ साथै आवश्यक निशुल्क विउ विजन र प्राविधिक सेवा उपलव्ध गराईनेछ।

१० आलु तथा स्याउ खेतिका लागि कृषकलाई प्रोत्साहन गरिनेछ ।

११ चौरी तथा च्याङ्ग्रा पालन र विकाशका लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

१२ चौरी तथा च्याङ्ग्रा को उन्नत तथा आधुनिक तवरले उत्पादन गर्न प्राविधिक सेवा उपलव्ध गराईनेछ ।

१३ प्रत्येक वडा मा मेलमिलाप केन्द्र गठन गरी हालको मुखिया न्यायिक प्रणालिलाई वैधानिक रुपमा मेलमिलापकर्ता मार्फत न्याय निरुपण गरिनेछ।

१४ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुति गरिनुको साथै स्वरोजगार तथा तालिम को व्यवस्था मिलाईनेछ।

१५ टोल विकास संस्था गठन गरी वडा र टोलविचको समन्वयात्मक प्रभावकारी भुमिका निर्वाह गर्न तथा टोलस्तरमा कार्यक्रम तथा योजना सञ्चालन सहजिकरण गर्न सहयोग पुग्नेछ।

१६ स्थानीय भाषा, कला ,सस्कृति तथा धर्मको सरंक्षण तथा विकाशमा गाउँपालिकाले आवश्यक कार्यक्रम तथा वजेटको व्यवस्था गरिनेछ।

१७ पर्यटक हरुलाई भित्र्याउन पर्यटन व्यवसायीलाई प्रोत्साहन गरिनेछ तथा सडकहरुमा दिशानिर्देश चिन्हको व्यवस्था गरिनेछ।

१८ स्थानिय उत्पादन र उधोगलाई प्राथमिकता दिईनुका साथै आवश्यक सहजिकरण गरिनेछ ।

१९ सडकको दुवैतर्फ वृक्षारोपण कार्यक्रम अगाडि वढाईनेछ सोको लागि वजेटको व्यवस्था गरिनेछ।

२० विपद व्यवस्थापन तथा कोभिड १९ को प्रकोपलाई मध्यनजर गरी आवश्यक वजेट व्यवस्था गरिनेछ।

२१ प्रदेश र सघंसगँ साझेदारी तथा शसर्त आयोजनाहरु सम्वन्धित तहसगँ समन्वय गरी समयमै गुणस्तरीय तवरले सम्पन्न गरिनेछ।

२२ लोमन्थाङ गाउँपालिका अन्तर्गतका करार कर्मचारी समेत लाई स्थानिय भत्ता उपलव्ध गराईनेछ।

२३ गाउँपालिकाको सुविधासम्पन्न प्रशासकीय भवन निर्माणको कार्य थालनि गरिनेछ।

२४ विद्यालय कर्मचारी -लेखा ,कार्यालय सहयोगी_ र वालविकाश सहजकर्ताका लागि गाउँपालिका वाट रकम थप गरि नेपाल सरकारले तोकेको तलवभत्ता उपलव्ध गराईनेछ।

२५ राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि आवश्यक सेवा सुविधाको व्यवस्था गरिनेछ।

अन्त्यमा

उपस्थित सभा सदस्य ज्युहरु ,सम्पुर्ण कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी लगायत उपस्थित महानुभावहरुमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहयोग तथा सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।